# नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका,२०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा. मन्त्रीस्तर
स्वीकृत मिति
२०७५/०८/१८

**प्रस्तावनाः** स्वदेशी तथा विदेशी उपभोक्ताहरुलाई स्वस्थ र सुरक्षित खाद्य तथा कृषिजन्य वस्तु उपलब्ध गराउन, दीगो कृषिलाई योगदान पुर्याउन र निर्यात प्रवर्द्धनका साथै आयात व्यवस्थापन गर्न असल कृषि अभ्यासको आवश्यकता महशुस भएकोले, राष्ट्रिय कृषि नीति, २०६१, कृषि व्यवसाय प्रबर्द्धन नीति, २०६३ र संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठनले सार्क क्षेत्रका लागि तयार गरेको असल कृषि अभ्यासलाई आधारमानि बिरुवा संरक्षण नियमावली, २०६६ को नियम २१ तथा खाद्य नियमावली, २०२७ को नियम ३३(क)ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालयले **नेपाल असल कृषि अभ्यास (NepalGAP) कार्यान्वयन निर्देशिका, २०७५** तयार गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "नेपाल असल कृषि अभ्यास कार्यान्वयन निर्देशिका, २०७५ र छोटकरीमा नेपालग्याप (NepalGAP) निर्देशिका, २०७५" रहेकोछ।

(२) यो निर्देशिका नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

(क) "योजना (Scheme)" भन्नाले मन्त्रालयले सञ्चालन गर्ने नेपाल असल कृषि अभ्यास योजनालाई सम्झनु पर्छ ।

(ख) "कामदार" भन्नाले कृषक परिवारका सदस्य लगायत स्थायी, अस्थायी, दैनिक ज्यालादारी र ठेक्कामा खेतवारी वा कृषि फार्ममा काम गर्ने व्यक्तिलाई सम्झनु पर्छ ।

(ग) "निर्देशन समिति" भन्नाले दफा ७ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(घ) "निष्पक्षता समिति" भन्नाले दफा १२ बमोजिमको समितिलाई सम्झनु पर्छ।

(ङ) "कृषि" भन्नाले वाली उत्पादन, पशुपंछीपालन, मत्स्यपालन लगायतका कृषि कार्यलाई सम्झनु पर्छ।

(च) "परीक्षक" भन्नाले नेपाल असल कृषि अभ्यास योजनाले राखेका शर्त पालना भए नभएको परिक्षण गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(छ) "प्रमाणीकरण निकाय" भन्नाले दफा १९ बमोजिमको निकायलाई जनाउँछ र सो शब्दले अनुसूची ७ अनुसार प्रकृया पूरा गरी मान्यता प्राप्त अन्य निकाय समेतलाई जनाउँछ ।

(ज) "प्राविधिक समिति" भन्नाले दफा ९ बमोजिमको प्राविधिक समितिलाई जनाउँछ।

(झ) "प्रमाणीकरण समिति" भन्नायले दफा ९ बमोजिमको प्राविधिक समितिलाई सम्झनुपर्छ।

(ञ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(ट) "योजना स्वामित्वकर्ता" भन्नाले मन्त्रालयलाई सम्झनुपर्छ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन

३. **उद्देश्यः** यस निर्देशिकाको उद्देश्य देहाय बमोजिमको हुनेछः

(क) नेपाल असल कृषि अभ्यास (NepalGAP) लागू गरी खाद्य स्वच्छता, गुणस्तरीय उत्पादन, वातावरणीय व्यवस्थापन र कामदारहरुको स्वास्थ्य, सुरक्षा र कल्याणबाट दीगो कृषिमा टेवा पुर्याउने,

(ख) उपभोक्ताका लागि सुरक्षित खाद्य वस्तुको सुनिश्चित गर्ने,

(ग) निर्यात प्रवर्द्धन तथा आयात व्यवस्थापन गर्न मद्दत गर्ने।

४. **कार्यक्रम सञ्चालनः** (१) नेपाल असल कृषि अभ्यास एक ऐच्छिक मापदण्डको रुपमा रहनेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड लागू गर्न चाहने कृषक, कृषक समुह, सहकारी वा कम्पनीले तोकिएको ढाँचामा प्रमाणीकरण निकायलाई निवेदन दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको निवेदन उपर प्रमाणिकरण निकायले आवश्यक जाँचबुझ गरी प्रमाणीकरण प्रक्रिया पुरा गर्न सफल कृषक, कृषक समूह, सहकारी तथा फर्महरुलाई अनुसूची १ बमोजिमको नेपाल असल कृषि अभ्यास (NepalGAP) को लोगो र अनुसूची २ अनुसारको प्रमाण-पत्र प्रदान गर्न सक्नेछ।

५. **कार्यक्रमको विकास र सञ्चालनः** मन्त्रालयले उत्पादक, व्यापारी र उपभोक्ता जस्ता खाद्य श्रृंखलाका पात्रहरुको सचेतनाका लागि प्रवर्द्धनमूलक कार्यक्रमको विकास र संचालन गर्न सक्नेछ।

## परिच्छेद ३
## नेपाल असल कृषि अभ्यास योजना तथा मापदण्ड

६. **योजनाको रुपरेखाः** (१) निर्देशन समितिले नेपाल ग्याप (NepalGAP) अन्तर्गत विभिन्न वाली तथा वस्तुका लागि अलग्गै योजना तयार गरी लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरी लागू गरिने योजनामा देहायका विषयवस्तु समावेश गर्नुपर्नेछः

(क) भाग १ – असल कृषि अभ्यासका मोड्युलहरु

(ख) भाग २ – असल कृषि अभ्यास कार्यान्वयन संयन्त्र

खण्ड १–योजना स्वामित्वकर्ता (Scheme owner)

खण्ड २–शासकीय व्यवस्था (Governing Structure)

(ग) भाग ३ – असल कृषि अभ्यासको प्रमाणीकरण

खण्ड १– प्रमाणीकरण मापदण्ड (Certification Criteria)

खण्ड २–प्रमाणीकरण प्रकृया (Certification Process)

खण्ड ३–प्रमाणीकरण निकायका आवश्यकता (Requirements of Certification Body)

खण्ड ४–प्रमाण चिह्न प्रयोग सम्बन्धी नियमहरु (Rules for Use of Certification Mark)

(घ) नेपाल असल कृषि अभ्यास योजनाको लागि आवश्यक कागजातहरुको विवरण

(ङ) अनुसूचीहरू

७. <u>नेपाल असल कृषि अभ्यासका मापदण्ड (**Standards**):</u> (१) नेपाल असल कृषि अभ्यास मापदण्ड अन्तर्गत देहायअनुसारका मोड्युलहरु रहनेछन्।

(क) खाद्य स्वच्छता मोड्युल (Food Safety Module)

(ख) वातावरण व्यवस्थापन मोड्युल (Environment Management Module)

(ग) उत्पादन गुणस्तर मोड्युल (Product Quality Module)

(घ) कामदारको स्वास्थ्य, सुरक्षा र हित मोड्युल (Worker health safety and welfare Module)

(ङ) सामान्य आवश्यकता मोड्युल (General Requirement Module)

(२) उपदफा (१) बमोजिमका मोड्युल कार्यान्वयनका लागि मन्त्रालयले विभिन्न शर्त (Requirments) हरु तोक्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिने शर्तहरुलाई त्यसको महत्वका आधारमा “गम्भीर” (Critical), "प्रमुख" (Major) वा "सामान्य" (Minor) गरी तीन वर्गमा वर्गीकृत गरिनेछ।

(४) प्रमाण-पत्र लिन चाहने निवेदकले मापदण्डका लागू हुने शर्त-आधार (Compliance criteria) मध्ये देहाय अनुसार पूरा हुनुपर्नेछ।

**गम्भीर** (Critical) प्रकृतिमा समावेश भएका शर्तहरुको १००% पालना भएको हुनुपर्नेछ।

**प्रमुख** (Major) प्रकृतिमा समावेश भएका शर्तहरुको कम्तिमा ९०% पालना पूरा भएको हुनुपर्नेछ।

**सामान्य** (Minor) प्रकृतिमा समावेश भएका शर्तहरुको कम्तिमा ५०% पालना पूरा भएको हुनुपर्नेछ।

(५) नेपाल असल कृषि अभ्यास अन्तर्गत उल्लेखित पाँचवटै मोड्युलहरु एकैसाथ लागू हुनेछन् । तथापी उत्पादक/बिक्रेता र खरिदकर्ताबीच खरिद बिक्रीको लिखित सम्झौता भएमा खाद्य स्वच्छता मोड्युल (**Food Safety Module**) र सामान्य अवश्यकता मोड्युल (**General Requirement Module**) प्रमाणिकरण निकायले अनिवार्य लागू गर्ने गरी अन्यमोडयुलहरुलाई ऐच्छिक रुपमा लागू गर्न सक्नेछ तर यसप्रकारले प्रमाणीकृत भएमा प्रमाण-पत्रमा अनिवार्य रुपमा कुन-कुन मोड्युलहरु लागू गरेको हो सो उल्लेख गर्नुपर्नेछ।साथै नेपाल ग्याप लोगासँग लागु भएका मोड्युलहरु उल्लेख गर्नुपर्नेछ ।

<u>स्पष्टिकरणः</u>

(क) गम्भीर प्रकृतिको शर्त भन्नाले खाद्य स्वच्छतामा गम्भीर प्रभाव पार्ने र खाद्यजन्य रोगहरुलाई निम्त्याउने प्रवल सम्भावना भएको शर्तलाई सम्झनु पर्छ ।

(ख) प्रमुख प्रकृतिको शर्त भन्नाले अनिवार्य परिपूर्ति हुनु पर्ने शर्तलाई सम्झनु पर्छ ।

(ग) सामान्य प्रकृतिको शर्त भन्नाले महत्वपूर्ण भएतापनि तोकिएको उत्पादनको लागि उति सान्दर्भिक नहुन सक्ने शर्तलाई सम्झनु पर्छ ।

८. <u>खाद्य स्वच्छता मोड्युल (**Food Safety Module**):</u> उत्पादन तथा उत्पादनोपरान्त कार्यहरुमा हानिकारक असरहरुलाई न्यूनिकरण गरी स्वच्छ कृषिजन्य वस्तुको उत्पादनलाई सुनिश्चि गराउन खाद्य स्वच्छता मोड्युलमा देहायबमोजिमको बिषय वस्तुका शर्तहरु रहनेछनः-

(क) स्थलको पृष्ठभूमि र व्यवस्थापन (Site history and management)

(ख) वीउ, वेर्ना, पशुपंछीको वीर्य र भ्रुण (Planting and Propagation Material)

(ग) आनुवंशिक परिवर्तित जीवको प्रयोग (Genetically Modified Organisms)

(घ) मल तथा माटोमा प्रयोग हुने वस्तुहरु र दाना तथा दानामा प्रयोग हुने पदार्थहरु (Fertilizers, soil additives and feed additives)

(ङ) सिंचाइ (Irrigation)

(च) कृषि रसायनहरु (Plant protection products or other agro- and non-agrochemicals)

(छ) वाली भित्र्याउने तथा व्यवस्थापन तरिका (Harvesting and handling produce)

(१) औजार तथा अन्य उपकरणहरु (Equipment, containers and materials)

(२) भवन तथा संरचनाहरु (Buildings and structures)

(३) सरसफाइ (Cleaning and sanitation)

(४) पशु तथा जनावर नियन्त्रण (Animal and pest control)

(५) व्यक्तिगत सरसफाई (Personal hygiene)

(६) उत्पादन उपचार (Produce treatment)

(७) भण्डार तथा यातायात (Storage and transport)

(ज) अनुरेखता तथा फिर्ता (Traceability and recall)

(झ) तालिम (Training)

(ञ) कागजात तथा अभिलेख (Documents and records)

(ट) मापदण्ड तथा प्रक्रियाको समीक्षा (Review of practices)

९. <u>वातावरण व्यवस्थापन मोड्युल (**Environment Management Module**):</u> वातावरण व्यवस्थापन मोड्युलमा कृषि कर्मबाट वातावरणमा पर्न जाने नकारात्मक असरहरुलाई न्यूनिकरण गर्नका लागि राखिएका शर्त उल्लेख हुनेछन् । यो मोड्युल लागू गर्दा राष्ट्रको वातावरण सम्बन्धी नीति नियमहरुलाई ध्यान दिईनेछ । यस मोड्युलमा देहायका शर्तहरु रहनेछनः-

(क) स्थलको पृष्ठभूमि र व्यवस्थापन (Site history and management)

(ख) वीउ, वेर्ना, आदि (Planting material)

(ग) माटो तथा उत्पादनको आधार (Soil and Substrates Management)

(घ) मल तथा माटोमा प्रयोग हुने वस्तुहरु (Fertilizers and soil additives)

(ङ) पानी (Water)

(च) वाली संरक्षणका उत्पादन तथा उत्पादनमा प्रयोग हुने अन्य रसायनहरु (Plant Protection Products and other inputs)

(छ) फोहोर व्यवस्थापन (Waste management)

(ज) उर्जा किफायती (Energy efficiency)

(झ) जैविक विविधता (Biodiversity)

(ञ) वायू तथा ध्वनि (Air and Noise)

(ट) तालिम (Training)

(ठ) कागजात तथा अभिलेख (Documents and records)

(ड) मापदण्ड तथा प्रक्रियाको समीक्षा (Review of practices)

१०. <u>कामदारको स्वास्थ्य, सुरक्षा तथा कल्याण मोड्युल (Worker Health, Safety and Welfare):</u> कामदारको स्वास्थ्य, सुरक्षा तथा कल्याण मोड्युलले कामदारको स्वास्थ्य, सुरक्षा तथा कल्याणको आवश्यकताहरुको सम्बन्धमा व्यवस्था गर्नेछ । यसमा कामदारले कृषि कर्ममा संलग्न हुँदा भोग्नुपर्ने विभिन्न प्रकोपहरु जस्तै यान्त्रिक, रासायनिक, जैविक, विद्युतीय, सौर्य विकिरण, ध्वनि, तनाव, थकान तथा अन्य कल्याण सम्बन्धी प्रकोपहरुको न्यूनिकरणका आवश्यकताहरु उल्लेख हुनेछ । यस मोड्यलमा देहायका शर्तहरु रहनेछन्ः-

(क) रसायन (Chemicals)
(ख) कार्यस्थलको अवस्था (Working conditions)
(ग) व्यक्तिगत सरसफाई (Personal hygiene)
(घ) कामदारको कल्याण (Worker welfare)
(ङ) तालिम (Training)
(च) कागजात तथा अभिलेख (Documents and records)
(छ) मापदण्ड तथा प्रक्रियाको समीक्षा (Review of practices)

११. <u>उत्पादनको गुणस्तर मोड्युल (Produce Quality Module):</u> उत्पादनको गुणस्तर मोड्युलमा उत्पादनको गुणस्तरमा असर गर्न सक्ने पक्षहरुलाई उल्लेख गर्नेछ । उत्पादनको गुणस्तर भन्नाले उत्पादनको विशेषताहरु जस्तै भौतिक गुण (रंग, बनावट र आकार), भित्री गुणस्तर (कूल घुलनसिल ठोस पदार्थ, टर्बिडिटी) र सुषुस गुणहरु (पौष्टिक गुण, उपभोग अवधि आदि)।यस मोड्युल मा देहायका शर्तहरु रहनेछन्ः-

(क) गुणस्तर योजना (Quality plan)
(ख) बीउ, बेर्ना तथा अन्य (Planting material)
(ग) मल तथा माटोमा प्रयोग हुने रसायनहरु (Fertilizers and soil additives)
(घ) पानी (Water)
(ङ) रसायनहरु (Chemicals)
(च) वाली भित्र्याउने तथा उत्पादनको व्यवस्थापन (Harvesting and handling produce)
(छ) अनुरेखता तथा फिर्ता पद्धति (Traceability and recall system)
(ज) तालिम (Training)
(झ) कागजात तथा अभिलेख (Documents and records)
(ञ) मापदण्ड तथा प्रकृयाको समीक्षा (Review of practices)

१२. <u>सामान्य आवश्यकता मोड्युल (General Requirements Module):</u> सामान्य आवश्यकता मोड्युलमा नेपाल असल कृषि अभ्यास प्रमाणीकरणको लागि आवेदन दिने आवेदकहरुले पालना गर्नुपर्ने देहायका शर्तहरु रहनेछन्ः-

(क) खण्ड क — निजि फार्मको लागिः
१. कानुनी पक्ष (Legal)
२. आगन्तुकका लागि आवश्यकता (Visitor requirements)
३. गुनासो व्यवस्थापन (Redressal of complaints)
४. स्थलको विवरण (Site details)
५. अभिलेख राख्ने तथा आन्तरिक निरीक्षण (Record keeping/ internal inspection)
६. अंशांकन (Calibration)

(ख) **खण्ड ख — समूहगत फर्मको लागिः** समूहगत फर्मको लागि राखिने शर्तहरुमा आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) का अतिरिक्त देहायका शर्तहरु रहनेछनः-

१. कानुनी आवश्यकता (Legal requirements)
२. लिखित सम्झौता (Written contract)
३. उत्पादक रजिष्टर (Producer register)
४. संस्थागत संरचना (Structure of organization)
५. कर्मचारीको क्षमता तथा तालिम (Competency and training to staff)
६. गुणस्तर पुस्तिका (Quality manual)
७. कागजात नियन्त्रण (Document control)
८. गुनासो व्यवस्थापन (Complaint handling)
९. आन्तरिक परीक्षण (Internal audit)
१०. गैर-अनुपालन, सुधारात्मक कार्य तथा दण्ड सजाय (Non-compliances, corrective actions and sanctions)
११. उत्पादनको अनुरेखता र भिन्नता (Product traceability and segregation)
१२. प्रमाणीकृत उत्पादनको फिर्ता (Withdrawal of certified product)
१३. साझा प्याकिङ घर (Common pack house)
१४. क्रेतासँगको सम्झौता (Agreement with buyer)
१५. उप-सम्झौता (Subcontracting)

## परिच्छेद ४
## सांगठनिक संरचना

१३. निर्देशन समितिः (१) नेपाल असल कृषि अभ्यास (NepalGAP) कार्यान्वयनको लागि मन्त्रालयमा एक निर्देशन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय अनुसारका सदस्यहरु रहनेछन्:

(क) सचिव, मन्त्रालय – संयोजक
(ख) कार्यकारी निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद् –सदस्य
(ग) सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय –सदस्य
(घ) सह-सचिव पशुपंछी तथा मत्स्य विकास महाशाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय –सदस्य
(ङ) सह-सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य
(च) सह-सचिव, वन तथा वातावरण मन्त्रालय – सदस्य
(छ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग –सदस्य
(ज) महानिर्देशक, कृषि विभाग –सदस्य
(झ) महानिर्देशक, पशुसेवा विभाग –सदस्य
(ञ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग –सदस्य
(ट) महानिर्देशक, वातावरण विभाग –सदस्य
(ठ) अध्यक्ष, कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ –सदस्य

नेपाल सरकार
कृषि तथा पशुपंछी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ङ) सह-सचिव, कृषि तथा पशुपंछी व्यवसाय प्रवर्द्धन महाशाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय –सदस्य सचिव

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरोकारवाला/ सरोकारवाला निकायका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१४. <u>निर्देशन समितिको काम, कर्तव्य र अधिकारः</u> निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) नेपाल असल कृषि अभ्यास (NepalGAP) योजना (Scheme) निर्माण, परिमार्जन, अनुगमन, मूल्याङ्कन तथा सुपेरिवेक्षण गर्ने, गराउने,

(ख) प्राविधिक तथा प्रमाणीकरण समितिको सिफारिस उपर छलफल तथा आवश्यक निर्णय गर्ने,

(ग) नेपाल असल कृषि अभ्यास योजना उपरका सबै उजुरी तथा गुनासोहरुको अन्तिम निर्णय लिने,

(घ) आवश्यकता अनुरुप उप-समिति गठन गर्ने,

(ङ) नेपाल असल कृषि अभ्यास सम्बन्धि अन्य कार्य गर्ने गराउने।

१५. <u>प्राविधिक समितिः</u> (१) असल कृषि अभ्यास निर्देशन समितिलाई सहयोग गर्न देहाय अनुसार एक प्राविधिक समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक समितिले नै प्रमाणीकरण समितिको जिम्मेवारी समेत वहन गर्नेछ । प्राविधिक समितिमा देहाय बमोजिमको सदस्यहरु रहनेछनः

(क) सह-सचिव, खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय –संयोजक

(ख) उप-महानिर्देशक, कृषि विभाग –सदस्य

(ग) उप-महानिर्देशक, पशुसेवा विभाग (पशु स्वास्थ्य हेर्ने) –सदस्य

(घ) उप-महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग –सदस्य

(ङ) निर्देशक (वाली तथा वागवानी अनुसन्धान), नेपाल कृषि अनुसन्धान परिषद् –सदस्य

(च) निर्देशक (पशु तथा मस्त्य अनुसन्धान), नेपाल कृषि अनुसन्धान परिषद् –सदस्य

(छ) प्रमुख, प्लाण्ट क्वारेन्टीन एवं विषादी व्यवस्थापन केन्द्र –सदस्य

(ज) उप-महानिर्देशक, वातावरण विभाग –सदस्य

(झ) उप-महानिर्देशक, वनस्पति विभाग –सदस्य

(ञ) उप-महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग –सदस्य

(ट) प्रमुख कार्यकारी अधिकृत, कृषि उद्यम केन्द्र, नेपाल उद्योग वाणिज्य महासंघ –सदस्य

(ठ) प्रतिनिधि, अर्गानिक सर्टिफिकेशन, नेपाल –सदस्य

(ड) प्रमुख, कृषि जैविक विविधता तथा वातावरण शाखा, कृषि तथा पशुपंछी विकास मन्त्रालय –सदस्य सचिव

(३) प्राविधिक समितिले विषयगत निकाय तथा अन्य विशेषज्ञलाई आवश्यकता अनुरुप आमन्त्रण गर्न सकिनेछ।

१६. <u>प्राविधिक समितिको काम, कर्तव्य र अधिकारः</u> प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) योजनाहरुको निर्माण तथा कार्यान्वयनमा निर्देशन समितिलाई सहयोग गर्ने।

(ख) योजनाका प्रावधानहरुको विश्लेषण तथा परिभाषित गर्न योजना स्वामित्वकर्तालाई मद्दत गर्ने।

(ग) प्रमाणीकरण शर्त (criteria) हरुको निर्माण तथा परिमार्जन गर्न र सो सम्बन्धी मुद्दाहरु समाधान गर्न निर्देशन समिति समक्ष सिफारिस गर्ने ।

(घ) प्रमाणीकरण पद्धतिको निर्माण तथा परिमार्जन गर्न/गराउन निर्देशन समिति समक्ष सिफारिस गर्ने।

(ङ) प्रमाणीकारण निकायको न्यूनतम शर्तहरु तय गर्ने तथा परिमार्जन गर्न निर्देशन समिति समक्ष सिफारिस गर्ने ।

(च) सेवाग्राहीको सहजताको लागि प्रमाणीकरण प्रकृयाहरु सम्बन्धी पुस्तिकाहरुको विकास तथा प्रकाशन गर्ने।

(छ) योजना स्वामित्वकर्तालाई योजनाको प्रमाणीकरण चिन्ह सिफारिश गर्ने।

(ज) योजनाको प्रमाणीकरण चिन्ह प्रयोग सम्बन्धी नियम निर्माण तथा परिमार्जन गर्न निर्देशन समिति समक्ष सिफारिस गर्ने ।

(झ) योजना उपर र प्रमाणीकारण सम्बन्धी उजुरी तथा गुनासोहरुको समाधान गर्ने।

१७. <u>असल कृषि अभ्यास प्राविधिक उप-समितिः</u> (१) असल कृषि अभ्यास प्राविधिक समितिलाई सहयोग गर्न कृषि तथा पशुपंछी विकास मन्त्रालय अन्तर्गतका कृषि विभाग, पशुसेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा एक-एक प्राविधिक उप-समिति रहनेछन्।

(२) उपदफा (१) बमोजिमको प्राविधिक उप-समितिले नेपाल कृषि अनुसन्धान परिषद्को तर्फबाट सदस्यको रुपमा संलग्नता सुनिश्चिता गर्नेछ।

(३) प्राविधिक उप-समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) सम्बन्धित विषयमा प्राविधिक पक्षको तयारी गर्ने,

(ख) आवश्यकता अनुसार विभिन्न निकायहरु सँग समन्वय गर्ने,

(ग) असल अभ्यास (Good practices) को प्राथमिकता तयार गर्ने र आवश्यक प्रकृया अगाडि बढाउने।

१८. <u>प्रमाणीकरण निकाय</u>ः (१) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले नेपाल असल कृषि अभ्यासको प्रमाणीकरण निकायको रुपमा कार्य गर्नेछ । साथै नेपाल असल कृषि अभ्यासको प्रमाणीकरण निकायको सचिवालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सचिवालयमा देहायका सदस्यहरु रहनेछन्:

(क) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग **–संयोजक**

(ख) प्रमुख, खाद्य अनुसन्धान महाशाखा, नेपाल कृषि अनुसन्धान परिषद् **–सदस्य**

(ग) उप-महानिर्देशक, कृषि विभाग **–सदस्य**

(घ) उप-महानिर्देशक, पशुसेवा विभाग **–सदस्य**

(ङ) उप-महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग **–सदस्य**

(च) उप-महानिर्देशक, वातावरण विभाग **–सदस्य**

(छ) उप-महानिर्देशक, वनस्पति विभाग **–सदस्य**

(ज) प्रमुख कार्यकारी अधिकृत वा निजले मनोनयन गरेको व्यक्ति, कृषि उद्यम केन्द्र **–सदस्य**

**(झ)** वरिष्ठ खाद्य अनुसन्धान अधिकृत, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग **– सदस्य सचिव**

(३) सचिवालयका सबै सदस्य र आवश्यकता अनुरुप निजि क्षेत्रका विशेषज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

१९. **प्रमाणीकरण निकायको कार्य गर्न सक्ने :** (१) स्वामित्वकर्ता निकायमा प्रमाणीकरण निकायको रुपमा काम गर्न ईच्छुक व्यक्ति वा संस्थाले अनुसूची ४ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सचिवालयले आवश्यक जाँचबुझ गरी निर्देशन समिति समक्ष सिफारिस गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सिफारिस प्राप्त भएमा निर्देशन समितिले मापदण्ड पूरा भएका व्यक्ति वा संस्थालाई प्रमाणीकरण निकायको रुपमा काम गर्न अनुमति दिन सक्नेछ ।

२०. **प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार:** प्रमाणीकरण निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

(क) निर्देशक समितिले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ख) प्रमाणीकरण निकायले नेपाल असल कृषि अभ्यास (NepalGAP) को प्रमाणीकरण चिन्ह प्रयोगमा उल्लेख भएबमोजिमको ढाँचा (डिजाईन, आकार, रंग तथा तरिका) भएनभएको यकिन गर्ने,

(ग) प्रमाणीकरण प्रक्रियाको गोपनीयता कायम गर्ने जिम्मेवारी यसै निकायको हुनेछ । प्रमाणीकारण निकायले गोपनीयता कायम गर्न अपनाईने नीति र कार्यविधि तय गर्ने,

(घ) आफू मातहतमा एक योजना प्रवन्धक (Scheme Manager) र उसको अन्तर्गत परिक्षक (Auditor) हरुको व्यवस्था गर्ने,

(ङ) परीक्षकहरुको कार्यविवरण तथा नियमहरु तयार गरी लागू गर्ने,

(च) अन्तर्राष्ट्रिय मापदण्ड अनुसारको उजुरी/गुनासा तथा पुनरावेदन व्यवस्थापन सम्बन्धी कार्यविधि वनाई लागू गर्ने ।

(छ) स्वामित्वकर्ताले स्वीकृति प्रदान गरेका प्रमाणीकरण निकायहरुको सूची वेभसाईटमा प्रकाशन गर्नेछ।

२१. **निष्पक्षता समितिः** (१) प्रमाणीकरण निकायले सम्पादन गरेका काम कार्वाहीहरु निष्पक्ष रुपमा भएको छ या छैन भन्ने सम्बन्धमा आवश्यक परिक्षण (audit) र अनुगमन गर्न एक निष्पक्षता समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा प्राविधिक समितिका सदस्य मध्येबाट प्राविधिक समितिको सिफारिसमा निर्देशन समितिले तीन सदस्यीय निष्पक्षता समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमका सदस्यको पदावधि दुई वर्षको हुने छ र निर्देशक समितिले आवश्यक ठानेमा एक वर्ष पदावधि थप गर्न सक्नेछ।

(४) उपदफा (३) समितिले कम्तीमा वर्षमा एकपटक प्रमाणीकरण निकायको परीक्षण गर्नुपर्नेछ।

(५) समितिको बैठक बसी प्रमाणीकरण निकायको परीक्षण गर्दा तीनै जना सदस्य अनिवार्य उपस्थित हुनुपर्नेछ।

(६) समितिले प्रमाणीकरण निकायको परीक्षण गर्दा अनुसूची ६ बमोजिमको कार्यविधि अनुसार गर्नुपर्नेछ।

(७) समितिको बैठक प्रमाणिकरण निकायको सचिवालयको कार्यालयमा बस्नेछ ।

(८) निजी प्रमाणीकरण निकायको परीक्षण गर्दा आर्थिक दीगोपनको विश्लेषणअनिवार्य रुपमा गर्नुपर्नेछ।

(९) निर्देशन समितिले तोकि दिएका अन्य काम र कर्तव्य बमोजिम हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## परिच्छेद ५

## गुनासो तथा उजुरी व्यवस्थापन

२३. **गुनासो तथा उजुरी व्यवस्थापनः** असल कृषि अभ्यास प्राविधिक समितिले गुनासो तथा उजुरी व्यवस्थापनको लागि निम्नअनुसारको कार्यविधि तय गर्नेछ।

(क) सबै गुनासोहरु दर्ता गरी अभिलेख राखिनेछ। लिखित वा ईमेल मार्फत प्राप्त भएका गुनासाको प्राप्त भएको जानकारी प्राविधिक समितिले लिखित रुपमै गुनासोकर्तालाई सम्प्रेषण गर्नेछ । परिचय नखुलाई प्राप्त भएको गुनासाको हकमा प्राप्त भएको जानकारी दिनुपर्ने छैन । सर्वप्रथम असल कृषि अभ्यास प्राविधिक समितिले सबै प्रकारका गुनासा प्राप्ती गरी हेर्नेछ।

(ख) प्रारम्भिक जाँच बुझ पश्चात प्राविधिक समितिले गुनासो तथा उजुरी उपर कार्यवाही हुनेनहुने निर्णय लिनेछ।

(ग) निर्देशन समितिले आवश्यक ठाने उजुरीकर्तालाई उक्त समितिमा बोलाई बुझ्न सक्नेछ ।

(घ) गुनासा तथा उजुरी सम्बन्धमा निर्देशन समितिको निर्णय उजुरीकर्तालाई दिइनेछ।

(ङ) आवश्यकता अनुसार प्राविधिक तथा प्रमाणीकरण समितिले मुद्दाको गहिराईमा (root cause analysis) विश्लेषण गर्नेछ । यसका लागि आवश्यकता अनुसार विज्ञहरुलाई आमन्त्रण गरिनेछ।

(च) कार्यसञ्चालनमा देखिएका समस्या सम्बन्धी गुनासो/उजुरीमा बैठक आयोजना गरी छलफल गरिनेछ।

(छ) यदि गुनासो/उजुरी निर्देशन समितिका अध्यक्ष विरुद्ध नै भएमा प्राविधिक समितिले दुई सदस्यीय छानविन टोली गठन गरी माथि उल्लेखित प्रक्रियामा नै छानविन गर्नेछ।

## परिच्छेद ६

## विविध

२४. **योजना स्वामित्वकर्ता (Scheme Owner):** नेपाल असल कृषि अभ्यास योजनाको स्वामित्व मन्त्रालयमा निहित हुनेछ ।

२५. **अनुगमन तथा मूल्यांकनः** योजना स्वमित्वकर्ता, असल कृषि अभ्यास निर्देशन समिति तथा असल कृषि अभ्यास प्राविधिक समितिले देहाय अनुसार अनुगमन तथा मूल्यांकनका कार्यहरु गर्नेछ।

(क) योजना स्वामित्वकर्ताले प्रमाणीकरण निकाय र प्रमाणीकृत ईकाईको अनुगमन गर्न समय तालिका र चेकलिस्ट तय गर्नेछ।

(ख) योजना स्वामित्वकर्ताले प्रमाणीकरण निकायको परिक्षण (Audit) वर्षमा दुईपटक गर्नेछ।

(ग) योजना स्वामित्वकर्ताले कम्तीमा दुई वर्षमा एकपटक योजना अन्तर्गत प्रमाणिकृतहरु मध्ये केहीको परीक्षण गर्नेछ।

(घ) योजना स्वामित्वकर्ताले निरन्तर रुपमा यसका परिक्षकहरुको टिम र संयन्त्रमार्फत मापदण्ड, प्रकृया र समयसीमाको समीक्षा गर्नेछ र आवश्यकता अनुरुप परिमार्जन गर्नेछ ।

(ङ) योजना स्वामित्वकर्ताले निम्न मूल्यांकन (Aassessments) हरु गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

- कार्यालयको जाँच (अभिलेख निरीक्षण)
- मूल्यांकन प्रोटोकल
- निर्णय प्रकृया
- स्थलगत मूल्यांकन
- साक्षी मूल्यांकन
- परीक्षकको क्षमता
- प्रमाणिकरण निकाय र अन्य सरोकारवाला निकायहरुको निष्ठा मूल्यांकन

२६. **बैठकको गणपूरक संख्या:** कुनैपनि बैठकको गणपूरक संख्या कुल संख्याको ५१% हुनेछ।

२७. **निर्देशिकाको व्याख्या:** यस निर्देशिकाको व्याख्या मन्त्रालयले गर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची - १

(दफा ४ को उपदफा (३) संग सम्वन्धित)

## नेपाल असल कृषिअभ्यास (NepalGAP) को चिन्ह

१.१ नेपाल असल कृषि अभ्यासको चिन्ह (लोगो)

Nepal GAP

नेपाल असल कृषि अभ्यास

१.२ नेपाल असल कृषि अभ्यास (NepalGAP) को चिन्ह प्रयोग सम्बन्धी नियम

- प्रमाणिकरण निकायबाट नेपाल असल कृषिअभ्यास (**NepalGAP**) प्रमाणिकरणको प्रमाण-पत्र प्राप्त गरीसकेपछि मात्र कृषक वा कृषक समूहले नेपाल असल कृषि अभ्यासको लोगो प्रयोग गर्न सकिनेछन्।
- नेपाल असल कृषि अभ्यासको लोगो प्रयोग गर्न कृषक वा कृषक समूहले योजना स्वामित्वकर्ता वा प्रमाणिकरण निकायसंग अनुमति लिनुपर्नेछ।
- कृषक वा कृषक समूह प्रमाणिकरण गर्दा मापदण्ड वा गुणस्तरका रुपमा केही मोड्युलहरु मात्र वा सबै मोड्युलहरु प्रयोग भएका छन्, त्यसका आधारमा प्रमाणिकरण लोगोसंगै स्पष्टसंग उल्लेख गरेको हुनुपर्नेछ।
- प्रमाणिकरण लोगो सानो वा ठूलो गरी राख्न सक्नेछ।
- नेपाल असल कृषि अभ्यास लागू गरी उत्पादन भएको कृषि उपज जनाउने गरी प्रमाणिकरण चिन्हको प्रयोग गर्नुपर्दछ, तर उक्त कृषि उपजनै प्रमाणित हो भन्ने जनाउने गरी चिन्हको प्रयोग गर्नुहुदैन।
- प्रमाणित कृषि उपजको लट (**Lot**) संग सम्लग्न कागजातहरुमा यो चिन्ह प्रयोग हुनुका साथै प्रमाणित फर्मको ठेगाना पनि स्पष्ट उल्लेख हुनुपर्दछ । जसबाट खरिदकर्ता वा उपभोक्तालाई उक्त कृषिउपज नेपाल असल कृषि अभ्यास प्रमाणित हो भन्ने जानकारी हुनेछ।
- प्रचार सामाग्रीहरु, पर्चा, लेटर प्याड लगायतका स्टेशनरी सामाग्रीहरुमा वा संचार माध्यमहरुमा चिन्हको प्रयोग गर्न सकिनेछ । यसबाट चिन्ह एवं नेपाल ग्याप योजना बारेमा सचेतना अभि वृद्धि हुनेछ।
- प्रमाणित उत्पादकले प्रमाणिकरण निकायबाट जारी प्रमाणपत्रलाई प्रचार सामाग्रीको अंशको रुपमा प्रयोग गर्न सकिनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

- चिन्हको प्रयोग गर्दा प्रमाणित फर्मको सम्वन्धित कृषि उपजको सन्दर्भमा मात्र प्रयोग हुने तर्फ ध्यान दिनुपर्दछ । प्रमाणित नभएका फर्मको कृषि उपजलाई प्रमाणित भएको भन्ने जनाउने गरी चिन्हको प्रयोग गर्न हुदैन।
- प्रमाणिकरण प्राप्त कृषक वा कृषक समूहले चिन्हको सम्वन्धमा भ्रमपूर्ण दावीहरु गर्नुहुदैन।
- कृषक वा कृषक समूहले नेपाल ग्याप स्वामित्वकर्ता वा प्रमाणिकरण निकायलाई विवादमा पार्ने गरी चिन्हको प्रयोग गर्नुहुदैन।
- प्रमाणिकृत कृषक वा कृषक समूहको प्रमाणिकरण निलम्वन वा प्रमाणपत्र फिर्ता भएमा सो कृषक वा कृषक समूहले चिन्हको प्रयोग गर्न नहुने।
- नेपाल ग्यापका शर्तहरुको उलंघन भएमा सुधार गर्न सुझाव दिने तर पटक-पटक वा गम्भिर उल्लंघन भएको अवस्थामा प्रमाणिकरण फिर्ता लिने सम्मको कारवाही हुनसक्नेछ।
- नेपाल ग्याप स्वामित्वकर्तालेे स्वीकृत प्राप्त प्रमाणिकरण निकायलाई प्रमाणिकरण चिन्हको दुरुपयोग रोक्न निर्देशन दिन सक्नेछ वा आवश्यक देखिएमा प्रमाणिकरण निकायले उचित कानूनी कारवाही पनि गर्न सक्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची - २

(दफा ४ को उपदफा (३) संग सम्वन्धित)

# नेपाल असल कृषि अभ्यास (NepalGAP) को प्रमाण-पत्रको नमूना

LOGO OF CB

**Certificate of conformity**

Issued to

**Client NAME**

(Address)

DFTQC declares that the production of the products mentioned in this certificate has been found to be compliant in accordance with standard NepalGAP.

The annex contains details of the products and/or producers and the packing house assigned to this certificate

NAME

*Authorized Signatory :*

NepalGAP

Individual/Group

Certification Decision: **dd/mm/yyyy**
Date of issue: **dd/mm/yyyy**
Valid from: **dd/mm/yyyy**
Valid to: **dd/mm/yyyy**
Date of initial issue of Certificate: **dd/mm/yyyy**
Registration No.: xxxx-yyyy
Certificate No.: xxx-xxx-zzzz
*This certificate is not transferable and belong as the Property of DFTQC*
The actual status of this certificate can be had from the CB/SO

*NEPALGAP LOGO*

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं



| Sl No. | Product | Produce handling included | Harvest Included | No of producers (*Only if Group*) | Area in Ha | No of production sites (*Only for multisite*) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

Product Handling Units:

| Product | Unit Name and Address |
|---|---|
| | |
| | |

Produced by: (Group)

| SL No | Producer name | Product | Produce Handling | Registration No | Address |
|---|---|---|---|---|---|
| 1 | | | | | |
| | | | | | |
| | | | | | |

Add only in an individual multi sites:

| Product | Site name and Address |
|---|---|
| | |
| | |
| | |

Certification Decision: **dd/mm/yyyy**
Valid from: **dd/mm/yyyy**
Date of initial issue of Certificate: **dd/mm/yyyy**
Registration No.: xxxx-yyyy
Certificate No.: xxx-xxx-zzzz
*This certificate is not transferable and belong as the Property of DFTQC*
The actual status of this certificate can be had from the CB/SO

Date of issue: **dd/mm/yyyy**
Valid to: **dd/mm/yyyy**

NEPALGAP LOGO

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -३

(दफा ६ (घ) संग सम्वन्धित)

## नेपाल असल कृषि अभ्यास योजनाको लागि आवश्यक कागजातहरुको विवरण

| क्रस | कागजात नं. | कागजातको नाम / शीर्षक | भर्सन | जारी मिति |
|---|---|---|---|---|
| १ | SD01 | सबै कागजातको विवरण (Master List Of Documents) | V1.0 | |
| २ | SD02 | नेपाल असल कृषि अभ्यास योजना (NepalGAP Scheme) | V1.0 | |
| ३ | SD03 | नेपाल असल कृषि अभ्यास मापदण्ड अनुसूची १ (NepalGAP Standard Annex-1) | V1.0 | |
| ४ | SD04 | शासकीय संरचना (Governing Structure) | V1.0 | |
| ५ | SD05 | नेपाल असल कृषि अभ्यास प्रमाणपत्रको प्रारुप (Certificate Template-NepalGAP) | V1.0 | |
| ६ | SD06 | खाद्य स्वच्छता मोड्युलको चेकलिष्ट (Checklist FSM) | V1.0 | |
| ७ | SD07 | पर्यावरण व्यवस्थापन मोड्युलको चेकलिष्ट (Checklist EMM) | V1.0 | |
| ८ | SD08 | कामदारको स्वास्थ्य, सुरक्षा र कल्याण मोड्युलको चेकलिष्ट (Checklist WHSM) | V1.0 | |
| ९ | SD09 | उत्पादन गुणस्तर मोड्युलको चेकलिष्ट (Checklist PQM) | V1.0 | |
| १० | SD10 | सामान्य आवश्यकता मोड्युलको चेकलिष्ट (Checklist GRM) | V1.0 | |
| ११ | SD11 | प्रमाणीकारण निकायको स्वीकृतिको लागि आवेदन (Application for CB Approval) | V1.0 | |
| १२ | SD12 | ISO17065 र योजनाका आवश्यकताहरुको चेक लिष्ट (Checklist ISO17065+ Scheme Requirement) | V1.0 | |
| १३ | SD13 | प्रमाणीकरण निकायको मूल्यांकन प्रतिवेदन ढाँचा (Assessment Report of CB) | V1.0 | |
| १४ | SD14 | अनिवार्य मापदण्ड पूरा नभएको मूल्याँकन प्रतिवेदन ढाँचा (Assessment NCR) | V1.0 | |
| १५ | SD15 | स्वीकार गरिएको प्रमाणपत्र (Certificate of Approval) | V1.0 | |
| १६ | SD16 | प्रमाणीकरण चिह्नको प्रयोग (Use of Certification Marks) | V1.0 | |
| १७ | SD17 | संगठनात्मक ढाँचा (Organization Chart) | V1.0 | |
| १८ | SP01 | निष्पक्षता कायम गरिने कार्यविधि (Procedure for safeguarding impartiality) | V1.0 | |
| १९ | SP02 | एक्रिडिटेसन निकायको स्वीकार गरिने कार्यविधि (Procedure for Approval of Accreditation Body) | V1.0 | |
| २० | SP03 | प्रमाणीकरण निकाय स्वीकार गरिने कार्यविधि (Procedure for Approval of Certification Body) | V1.0 | |
| २१ | SP04 | गुनासो तथा उजुरी व्यवस्थापन कार्यविधि (Procedure for Complaint Handling) | V1.0 | |
| २२ | SP05 | पुनरावेदन व्यवस्थापन कार्यविधि (Procedure for Appeal Handling) | V1.0 | |
| २३ | SP06 | नेपाल असल कृषि अभ्यासको अनुगमन तथा मूल्यांकन कार्यविधि (Procedure for Monitoring and evaluation of NepalGAP) | V1.0 | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची - ४

(दफा १९ को उपदफा (१) संग सम्वन्धित)

## नेपाल असल कृषि अभ्यासको प्रमाणीकरण निकाय हुन दिईने आवेदनको ढाँचा

| Contact Information | | Office Use | |
|---|---|---|---|
| CB Name | | Registration Number | |
| Person Responsible: | | All relevant application received | |
| Address | | Reviewed date & Sign | |
| | | Application can be processed | ☐Yes ☐No |

Type of business:
☐Sole Proprietor ☐ Partnership ☐ Corporation ☐Pvt Ltd ☐Cooperative ☐Government☐Other:

| Contact person: | | | |
|---|---|---|---|
| Mailing Address: | | City: | |
| State/Province: | | Zip/Postal code: | |
| Country: | | Fax: | |
| Phone: | | Mobile: | |
| Email: | | Website: | |

**2-Scope of approval requested;**

☐ NepalGAP

**3-Previous Certification(s):**

| | |
|---|---|
| **Are you currently Accredited as per ISO17065?**<br>If yes, submit a copy of your current certificate(s) and Schedule | ☐Yes ☐No |
| **If you are not currently accredited as per ISO17065**<br>Have you applied for any accreditation?<br>If yes, Provide details about it. | ☐Yes ☐ No |
| Are you received any non-conformity from last Accreditation Body?<br>If yes, provide details about it. | ☐Yes ☐No ☐NA |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची - ५

(दफा १९ को उपदफा (२) संग सम्वन्धित)

## प्रमाणीकरण निकायको मूल्यांकनको ढाँचा

## Certification Body Assessment Report

| • Certification Body | • Office Location(s) |
|---|---|
| … … … … … … … … … … … … … …<br>… … … … … … … … … … … … … … | *Main Office:* … … … … … … … … … … … … … … …<br>*Branch Office(if any):* … … … … … … … … … … … … … |

| • Certification Body Key Personnel | | • Address (Assessment conducted) |
|---|---|---|
| *Chief Executive* | | • … … … … … … … …<br>• … … … … … … … …<br>• … … … … … … … … |
| *Quality Manager* | | |
| *Local Contact Person* | | |

| • Assessment Details | | | |
|---|---|---|---|
| • Type:<br>• … … … …<br>• … … … …<br>• … … … …<br>• … … … … | • Date(s)<br>• … … …<br>• … … …<br>• … … …<br>• … … … | • Team<br>• *LA:* … … … … … … … … … … …<br>• *AS:* … … … … … … … … … … …<br>• *TE:* … … … … … … … … … … …<br>• *OB:* … … … … … … … … … … … | • Assessment Criteria NepalGAP Requirements<br>• Certification Body Documentation<br>• … … … … … … … … … … …<br>• … … … … … … … … … … … |

| • Description of the Certification Body under Assessment | | | |
|---|---|---|---|
| *a. Legal status:* | | | |
| *b. Management structure* | | | |
| *c. Financial performance* | | | |
| *d. operations* | | | |
| e. Documentation specific to NepalGAP(*Please list*) | | | |
| f. Personnel | *Total Staff#........* | *Auditors for GAP#*<br>… … … … … … | *Persons responsible for key activities*<br>… … … … … … … … … … … … … |

| • Assessment Findings (describe documentation, implementation, competence, records, etc. as relevant) | |
|---|---|
| • Adequacy of available Documents (Formats for | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

| | |
|---|---|
| application, audit report, certificate etc.) | |
| • Competence of key personnel | |
| • Competence of auditors | |
| • Adequacy of auditors | |
| • Certification body personnel's knowledge on NepalGAP Requirements | |
| • Auditors / Experts' technical understanding of NepalGAP Criteria | |
| • Adequacy of information available to Public on NepalGAP Certification | |
| • Overall suitability of management to provide certification services | |
| • The organization's Plan to obtain accreditation as per ISO/IEC 17065 | |
| • Any other observation | |

- Non-Conformities and Concerns

| Reference clause | Critical NC | Major NC | Minor NC | Concerns |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

- Assessment-Team Recommendations:

- List of documents annexed:

| | |
|---|---|
| ***Annex* – 1** | |
| ***Annex* – 2** | |
| *Annex* – 3 | |
| *Annex* – 4 | |

| | | | |
|---|---|---|---|
| **Lead Assessor** | ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... | ... ... ... ... ... ... ... | ... ... ... ... |
| | Name: | Signature | Date |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

अनुसूची - ६

(दफा १९ को उपदफा (३) संग सम्वन्धित)

## प्रमाणीकरण निकायका पूर्वशर्त

- नेपाल असल कृषि अभ्यासका विभिन्न योजना अनुसार प्रमाणीकरण निकायका पूर्व शर्तहरु फरक हुन सक्दछन् । यद्दपि देहाय अनुसारका पूर्वशर्तहरु अनिवार्य रुपमा लागू हुनुपर्दछ।
- वैधानिक अस्तित्व हुनुपर्ने।
- आफ्नो संस्थाको नीति, उद्देश्य, संरचना, मानव शंसाधन तथा प्रत्येकको भूमिका र जिम्मेवारी तोकिएको कागजात हुनुपर्ने।
- नेपाल असल कृषि अभ्यासको चिन्ह प्रयोग सम्बन्धी नियम पालना गर्न प्रतिवद्धता जाहेर गरेको हुनुपर्ने।
- गोपनीयता सम्बन्धी नियम तथा कार्यविधिमा पूर्ण प्रतिवद्धता जाहेर गरेको हुनुपर्ने साथै यस सम्बन्धी संरचना भएको हुनुपर्ने।
- योजना अनुसारको क्षमता वा परीक्षकहरु भएको हुनुपर्ने।
- उजुरी तथा गुनासो व्यवस्थापनको संरचना तथा स्वीकार्य कार्यविधि हुनुपर्ने।
- अन्य व्यवस्थाको हकमा योजनामा उल्लेख भएअनुसार हुनेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची - ७

(दफा २१ संग सम्वन्धित)

## निष्पक्षता कायम गरिने कार्यविधि

नेपाल असल कृषि अभ्यास लागू गर्ने क्रममा यससँग सम्बन्धित कुनैपनि जानकारीको गोपनीयता कायम गर्नु यस कार्यविधिको उद्देश्य रहनेछ । निष्पक्षता कायम गर्ने कार्यविधि देहायअनुसार हुनेछ।

- योजना स्वमित्वकर्ता र असल कृषि अभ्यास निर्देशन समितिका सबै सदस्यहरु गोपनीयताको सम्झौतामा आवद्ध हुनेछन्।
- राष्ट्र सेवक कर्मचारीको हकमा नेपाल सरकारको एक निकायका रुपमा गोपनीयताको सम्झौतामा स्वतः आवद्ध भएको मानिनेछ र सम्झौताका सबै प्रावधानहरु अक्षरशः पालना गर्नुपर्नेछ।
- विभिन्न समिति तथा निकायहरुका सहभागी अन्य सदस्यहरुले अनिवार्य रुपमा गोपनीयता र अप्रकटिकरण (**Non Disclosure)** सम्झौतामा हस्ताक्षर गर्नुपर्नेछ।
- सबै अभिलेख तथा गोप्य कागजातहरु सुरक्षित स्थानमा राखिनु पर्नेछ।
- यस योजनासँग सम्बन्धित कुनैपनि व्यक्तिले गोपनीयता भंग गरेको प्रमाणित भएमा त्यस पश्चातका कुनैपनि समिति तथा निकायहरुमा संलग्न हुनबाट वञ्चित गराइनेछ।
- उजुरी, गुनासा तथा पुनरावेदन बाहेक अन्य अवस्थामा सेवाग्राहीको जानकारीहरु गोप्य रुपमा व्यवस्थाप नगरिनेछ।